सम्पर्क नं. : ०२५५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
प्रदेश नं. १, नेपाल

प. स. :-२०७८/०७९
च. नं. :- २४८५

मितिः २०७८।११।२२

विषयः विद्यालय सामाजिक परीक्षण सम्बन्धमा ।

सम्पूर्ण सामुदायिक विद्यालयहरु
दुहवी नगरपालिका सुनसरी ।

प्रस्तुत विषयमा विद्यालयको सामाजिक परीक्षण **"विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८"** वमोजिम परीक्षण गरी केही विद्यालयले मात्र यस कार्यालयमा प्रतिवेदन बुझाएको साथै कतिपय विद्यलयहरु School Report Card को प्रयोग गरी गरिने सामाजिक परीक्षणको सम्बन्धमा स्पष्ट हुन नसकेको देखिएकोले शिक्षा तथ मानव स्रोत विकास केन्द्रको मिति २०७८।११।०३ च.नं. ७३ को पत्रानुसार बाँकी विद्यालयहरुले यथाशीघ्र आफ्नो विद्यालयको सामाजिक परीक्षण गरी यस कार्यालयमा प्रतिवेदन वुझाउन अनुरोध छ । सामाजिक परीक्षण र School Report Card को प्रयोग सम्बन्धमा केन्द्रको पत्र यसै सुचना साथ संलग्न गरिएको छ ।

श्री सुचना प्रविधि शाखा:
वेबसाइटमा upload गर्नु।

११।२२

नीलमणी खनाल
उप-सचिव
शिक्षा युवा तथा खेलकुद शाखा

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना तथा व्यवस्थापन शाखा)

सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य. २०७८/७९

च.नं.: 62

मिति : २०७८।११।१३

**विषय : सामाजिक परीक्षण र School Report Card को प्रयोग सम्बन्धमा ।**

श्री सामुदायिक विद्यालय

सबै ।

प्रस्तुत विषयमा यस केन्द्रबाट **सामाजिक परीक्षण र School Report Card को प्रयोग सम्बन्धमा** मिति २०७८ फाल्गुण १० गते प्रेषित SMS प्राप्त गर्नु भएकै छ । यस विषयको कार्यान्वयनमा अस्पष्टता भएको भनी विद्यालय र स्थानीय तहबाट सोधनी भएको सन्दर्भमा यो पत्र लेख्ने कार्य भएको हो । तसर्थ यस विषयको कार्यान्वयनका लागि देहाय अनुसार गर्न हुन निर्देशानुसार अनुरोध छ ।

१. यस केन्द्रको बेवसाइट www.cehrd.gov.np को Menu Bar को Plan and Polices क्लिक गर्ने र त्यस भित्रको Directives option click गर्ने । त्यहाँबाट **विद्यालय सामाजिक परीक्षण मापदण्ड- २०७८** डाउनलोड गरी अध्ययन गर्ने ।

२. उक्त मापदण्ड अनुसार सामाजिक परीक्षण कार्य प्रारम्भ गर्नुपूर्व iemis.cehrd.gov.np मा विद्यालयको IEMIS Code र पासवर्ड प्रविष्ट गरी Log in गर्ने । उक्त web -portal को Dash Board मा रहेको Generate Report Card मा क्लिक गर्ने । केही समयसम्म यसरी क्लिक गरेको १ दिनपछि School Report Card निस्कने हुँदा सोही अनुसार Scool Report Card प्राप्त गरी प्रिन्ट गर्ने ।

३. बुँदा नं २ अनुसार प्राप्त School Report Card सामाजिक परीक्षण समितिलाई उपलब्ध गराउने ।

४. सामाजिक परीक्षण पश्चात् उक्त प्रतिवेदन स्थानीय तहमा पेश गर्दा School Report Card लाई प्रतिवेदनको अनुसूचिमा समावेश गर्ने ।

५. सामजिक परीक्षण गरे पश्चात् उक्त मिति विद्यालयको Excel Based File मा Update गर्ने र सो Excel Based file लाई iemis.cehrd.gov.np मा अपलोड गर्ने ।

**बोधार्थः**

श्री स्थानीय तह (सबै) : यस कार्यमा विद्यालयहरुलाई सहजीकरण गरिदिनु हुन अनुरोध छ ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै): यस कार्य सम्पादनका लागि स्थानीय तहसँग समन्वय गर्नु हुन ।

२०७८।११।१३

रामचन्द्र शर्मा

निर्देशक